## भाग १ – प्रस्ताव आह्वानको सूचना

# जिल्ला प्रशासन कार्यालय

बबरमहल, काठमाडौं

चमेनागृह सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव आह्वानको सूचना

Contract Identification Number: DAO/2080-081/CANTEEN-01

चमेनागृह सञ्चालन सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

<u>प्रथम पटक प्रकाशित मिति २०८०/०७/१३</u>

१. यस कार्यालयमा मिति २०८१ असार मसान्त सम्मको लागी चमेनागृह सञ्चालन गर्नुपर्ने भएकोले कार्यालयबाट तय गरेका कार्यक्षेत्रगत शर्तहरुको अधिनमा रही सञ्चानल गर्न इच्छुक फर्म/कम्पनीबाट सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । नेपाल सरकारबाट सम्बन्धित कार्यमा ईजाजत प्राप्त इच्छुक फर्महरुले ब्यवसाय दर्ता प्रमाण पत्र, मु.अ. कर दर्ता प्रमाण पत्र र आ.ब.२०७९/८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी दरभाउपत्र फाराम खरिद गर्ने यस कार्यालयको नामको एनएमबि बैंक लि. खाता नं.००१००००१५६ कार्यालय कोड २७-३१४-१८ मा रु. १०००/-(एक हजार मात्र) फिर्ता नहुने गरी बुझाई खरिद गर्न सकिने छ ।

तपशिल:-

| क्र.स. | विवरण | शिलबन्दी दरभाउपत्र दस्तुर | शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | शिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम मिति र समय | शिलबन्दी दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| १ | चमेनागृह सञ्चालन | १०००/- | २०८०/०७/२७ | २०८०/०७/२८ दिनको १२ बजेसम्म | २०८०/०७/२८ दिनको २ बजे |

२. प्रस्तावकले कार्यसम्पादन जमानत वापत रु.५५५००/- (अक्षरुपी पचपन्न हजार पाँच सय मात्र) को बाणिज्य बैंकबाट जारी गरिएको शिलवन्दी दरभाउपत्र बुझाउने अन्तिम मिति देखि ७५ दिनको बैंक ग्यारेन्टी वा सोही बराबरको रकम यस कार्यालयको धरौटी खातामा नगदै जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्ने छ।

३. राजश्व सम्बन्धमा:-

Name of the Bank: NMB Bank, Babarmahal
Name of the Office: District Administration Office, Kathmandu
Office Code No.: - 27-314-18
Revenue Account No.: 0010000156 Revenue Head No.: 14229

४. कार्यसम्पादन जमानत बापत धरौटी खातामा नगद जम्मा गर्ने सम्बन्धमा:-

Name of the Bank: Nepal Rastra Bank, Baluwatar
Name of the Office: District Treasure Controller Office, Babarmahal
Office Code no: 314923503 Deposit Account No.: 1201200001002524

५. शिलबन्दी दरभाउपत्र पेश गर्दा खामबन्दी गरी लाहाछाप लगाई तोकिएको मिति र समय भित्र यस कार्यालयमा आफै वा आधिकारीक प्रतिनिधि मार्फत दरभाउपत्र दर्ता गराई सक्नु पर्ने छ ।

६. दरभाउपत्र खरिद एवं दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

७. दरभाउपत्र अंक र अक्षरमा दुवैमा स्पस्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । दरभाउपत्र फारामको प्रत्येक पानामा दरभाउपत्रदाताको सहिछाप हुनुपर्ने छ । दररेटमा केरमेट भएमा दरभाउपत्र दाताको सहिछाप अनिवार्य हुनु पर्नेछ । म्याद नाघी आएको र रीत नपुगेको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

८. एक फर्म संस्था वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म संस्था वा कम्पनीको नाम बाट पेश गर्न पाईने छैन ।

९. शिलबन्दी दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले दरभाउपत्रमा उल्लेख गरिएको कामको सम्बन्धमा राम्ररी बुझी शिलबन्दी दरभाउपत्र भरेको मानिने छ ।

१०. दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने, र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।